# सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन, २०७६

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०७।१४

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ २०७७।०४।१६

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**संवत् २०७६ सालको ऐन नं. १८**

**सार्वजनिक, निजी, सहकारी साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**: नेपालको संविधानको धारा ५० को उपधारा (३) मा उल्लिखित सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्ने राज्यको निर्देशक सिद्धान्तलाई मध्यनजर गरी प्रदेशको विकासको गतिलाई तीव्रता दिन र प्रदेश सरकारले आम नागरिकलाई दिनुपर्ने पूर्वाधार लगायतका सेवा सुविधाहरू सार्वजनिक, निजी, सहकारी साझेदारीमा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोजना" भन्नाले यस ऐन बमोजिम कार्यान्वयन गरिने आयोजना सम्झनु पर्छ।

(ख) "उपभोक्ता" भन्नाले साझेदारी आयोजनाको सेवा सुविधा उपभोग गर्ने व्यक्ति, समूह, संस्था, कम्पनी वा निकाय सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "नागरिक समाज" भन्नाले करारको पक्ष भई वा नभई साझेदारी आयोजना कार्यान्वयनको लागि अनुकूल वातावरण

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

बनाउने, सुझाव दिने, सहयोग, समन्वय र सहजीकरण गर्ने गैरनाफामुखी संगठन, संस्था, व्यक्ति वा उनीहरूको समूह सम्झनु पर्छ ।

(ङ) “निजी साझेदार” भन्नाले प्रचलित कानून अनुसार दर्ता भएको निजी कम्पनी वा तिनीहरूको संयुक्त उपक्रम वा सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमलाई सम्झनु पर्छ ।

(च) “प्रदेश” भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ ।

(छ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा ३९ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ज) “पूर्वाधार आयोजना” भन्नाले सहरी सेवा सुविधा,सिंगल डक (Single Duck), विद्युतीय सवारी साधन, सडक, सुरुङ्ग मार्ग, पुल, अस्पताल, नहर, विद्युत उत्पादन गृह, विद्युत प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, ट्रलीबस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह,

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

जलमार्ग, परिवहन बिसौनीस्थल, प्रदर्शनीस्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, ऊर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह वा सार्वजनिक गोदामघर सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार आयोजनालाई समेत जनाउँछ।

(झ) "मन्त्रालय वा सम्बन्धित मन्त्रालय" भन्नाले सम्बन्धित विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ञ) "विकास साझेदार" भन्नाले आयोजना कार्यान्वयन गर्न आर्थिक तथा प्राविधिक सहयोग र सहजीकरण गर्ने दातृ निकाय वा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

(ट) "सम्बन्धित निकाय" भन्नाले परियोजना वा आयोजना कार्यान्वयन तथा सहजीकरण गर्ने बोर्ड, प्रदेश सरकार तथा स्थानीय तह वा मातहतका सार्वजनिक निकाय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ठ) “समिति” भन्नाले दफा ६७ बमोजिम गठन भएको सार्वजनिक निजी सहकारी साझेदारी समिति सम्झनु पर्छ ।

(ड) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नका लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकृतिका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ढ) “साझेदार” भन्नाले सार्वजनिक निजी साझेदारी आयोजनाको करारका पक्ष सम्झनु पर्छ।

(ण) “सामाजिक-आर्थिक आयोजना” भन्नाले पर्यटन, शिक्षा, स्वास्थ्य, सरसफाइ, कृषि, पशुपंछी पालन, माछापालन, मौरीपालन, रोजगार सिर्जना, आय आर्जन र यस्तै प्रकृतिका अन्य क्रियाकलापको माध्यमबाट लक्षित वर्ग वा आम नागरिकको सामाजिक-आर्थिक सशक्तीकरणका लागि कार्यान्वयन गरिने आयोजना सम्झनु पर्छ।

(त) "सार्वजनिक निकाय" भन्नाले प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सरकार वा स्थानीय तहको कार्यालय, प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा गठित अन्य सङ्गठित संस्था वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सरकारले सार्वजनिक निकाय भनी तोकिदिएको सार्वजनिक संस्था सम्झनु पर्छ।

(थ) "सार्वजनिक निजी साझेदारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय र लगानीकर्ता बीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा ५ मा उल्लेख भएमध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ।

(द) “सार्वजनिक साझेदार” भन्नाले सम्बन्धित निकाय, प्रदेश सरकार वा प्रदेश सरकार र स्थानीय तहको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) सम्झनु पर्छ।

(ध) “सेवा शुल्क” भन्नाले साझेदारले सेवा

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिन पाउने सेवा शुल्क सम्झनु पर्छ।

(न) “संयुक्त कम्पनी” भन्नाले सार्वजनिक र निजी साझेदारले कुनै आयोजना कार्यान्वयन गर्नको लागि दफा ३१ बमोजिम स्थापना गरेको संयुक्त कम्पनी (स्पेशल परपस भेहिकल) सम्झनु पर्छ र सो शब्दले कम्पनीलाई समेत जनाउँछ।

३. <u>**साझेदारीको उद्देश्य**</u>: सार्वजनिक निजी साझेदारीका प्रमुख उद्देश्य देहाय बमोजिम हुनेछन्:-

(क) प्रदेशको विकासमा निजी क्षेत्रको पूँजी, प्रविधि, उद्यमशीलता र व्यवस्थापकीय दक्षतालाई आकर्षित गरी उपयोग गर्ने,

(ख) प्रदेशको विकास र सेवा सुविधा प्रवाहको दायरा फराकिलो बनाउने,

(ग) सेवा सुविधा प्रवाहको गुणस्तरमा सुधार ल्याउने,

(घ) प्रदेशको आर्थिक समृद्धिमा योगदान पुर्‍याउने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-२

## साझेदारीको क्षेत्र, ढाँचा र आयोजना छनौट सम्बन्धी व्यवस्था

४. **साझेदारीका क्षेत्रः** (१) पूर्वाधार आयोजनामा साझेदारीका क्षेत्र देहाय बमोजिम हुनेछन् :-

(क) सडक, पुल, सुरुङ्ग मार्ग, रेल्वे लाइन, सुख्खा बन्दरगाह र जलमार्ग,

(ख) अस्पताल र स्वास्थ्य केन्द्र, योग, आयुर्वेद, प्राकृतिक चिकित्सा,

(ग) खानेपानी, सिँचाई, जलाधार क्षेत्र र जलाशयको संरक्षण र व्यवस्थापन,

(घ) जलविद्युत, शौर्य ऊर्जा र बायो ऊर्जाको उत्पादन र वितरण,

(ङ) विद्युतीय बस सेवा, ट्रलीबस सेवा, ट्रामवे, मेट्रो सेवा, केबुलकार र रोप वे,

(च) मनोरञ्जन स्थल, पार्क, पर्यटकीय क्षेत्र, रङ्गशाला, सभागृह र प्रर्दशनी स्थल,

(छ) सार्वजनिक गोदामघर, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, फोहरबाट वायो ग्यास र विद्युत उत्पादन प्लान्ट,

(ज) कृषि बजार, पशुपन्छी बजार, पशु

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

वधशाला, औद्योगिक र विशेष आर्थिक क्षेत्रहरूको विकास र व्यवस्थापन,

(झ) प्राविधिक विद्यालय, महाविद्यालय,

(ञ) प्रदेश सरकारले तोकेका अन्य क्षेत्रहरु।

(२) सामाजिक- आर्थिक आयोजनामा साझेदारीका क्षेत्र देहाय बमोजिम हुनेछन् :-

(क) जनस्वास्थ्य, सरसफाइ, पोषण, गर्भवती तथा नवजात शिशु स्याहार, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सम्बन्धी जनचेतना विस्तार र सेवा प्रवाह कार्यक्रम,

(ख) पशुपंक्षीको स्वास्थ्य जाँच, उपचार र खोप सेवा,

(ग) जडीबुटी, तरकारी, फलफूल, पशु, माछा, मौरी, रेशमखेती र यस्तै अन्य क्षेत्रको पकेट क्षेत्रको विकास र व्यवस्थापन,

(घ) लघु उद्यम प्रवर्द्धन, लघु वित्त र लघु बीमा सेवाको विस्तार,

(ङ) विद्यालय जाने अवसर नपाएका,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बीचैमा विद्यालय छाडेका, मौसमी बसाई सराइका कारण पठन पाठनमा बाधा पुगेका र अपाङ्गता भएका बालबालिकाको शिक्षा, स्वास्थ्य र सरसफाइको व्यवस्था,

(च) वित्तीय साक्षरता विस्तार,

(छ) बजार मागमा आधारित रोजगारमूलक, सीप विकासका कार्यक्रम,

(ज) प्रदेश सरकारले तोकेका अन्य क्षेत्रहरू।

५. **<u>साझेदारीका ढाँचाहरूः</u>** (१) पूर्वाधार आयोजनामा साझेदारीका ढाँचा (मोडेल) देहाय बमोजिम हुनेछन् :-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) निर्माण, स्वामित्वकरण र सञ्चालन,

(झ) प्रदेश सरकारले तोकेका अन्य ढाँचाहरू।

(२) सामाजिक-आर्थिक आयोजनामा साझेदारीका ढाँचा देहाय बमोजिम हुनेछन्:-

(क) सामाजिक सेवा करार,

(ख) बजारीकरण करार,

(ग) विशेषज्ञ सेवा करार,

(घ) प्रदेश सरकारले तोकेका अन्य ढाँचाहरू।

६. <u>**लगानीको ढाँचा**</u>: (१) साझेदारी आयोजना सामान्यतया निजी साझेदारको एकल लगानीमा कार्यान्वयन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको प्राथमिकतामा परेको कुनै खास आयोजना प्रदेश सरकार र निजी साझेदारको संयुक्त लगानीमा कार्यान्वयन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको आयोजनामा स्थानीय तहसमेत साझेदार बन्न सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(४) उपदफा (२) बमोजिमको आयोजनामा प्रदेश सरकार वा स्थानीय तहबाट गरिने लगानीको हिस्सा आयोजनाको प्रकृति अनुसार फरक हुन सक्नेछ।

(५) प्रदेश सरकार वा स्थानीय तहले आफ्नो हिस्सा बिक्री गर्न चाहेमा प्रचलित कानून बमोजिम बिक्री गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले आफ्नो हिस्सा बिक्री गर्दा पहिलो प्राथमिकता आयोजनाको विद्यमान साझेदारलाई दिनु पर्नेछ।

७. **कार्यान्वयनको ढाँचाः** (१) साझेदारी आयोजनाको कार्यान्वयन एकल र संयुक्तमध्ये कुनै एक तरिकाबाट गरिनेछ।

(२) सार्वजनिक र निजी क्षेत्रको संयुक्त लगानी भएको आयोजनामा लगानीको अनुपातको आधारमा आयोजना कार्यान्वयनको व्यवस्थापन हुनेछ।

८. **आयोजनाको सूची तयारः** (१) सम्बन्धित निकायले योजना तर्जुमाको नियमित प्रक्रिया अन्तर्गत पहिचान भएका साझेदारी आयोजनाको सूची तयार गर्नु पर्नेछ।

(२) सम्बन्धित निकायले सार्वजनिक सूचना प्रकाशित गरी साझेदारी आयोजनाहरू माग गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (२) बमोजिमका आयोजनामा साझेदारी गर्न चाहने कम्पनी वा संस्थाले सम्बन्धित मन्त्रालयमा निवेदन पेश गर्न सक्नेछ।

(४) सम्बन्धित निकायले निजी क्षेत्र, प्राज्ञिक वर्ग, विषयगत विज्ञ, स्थानीय तह र सरोकारवालाहरूसँग अन्तरक्रिया वा गोष्ठी गरी साझेदारी आयोजनाहरू पहिचान गर्न सक्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम प्राप्त सबै आयोजनाहरूको सूची सम्बन्धित मन्त्रालयले आफ्नो रायसहित सार्वजनिक निजी सहकारी साझेदारी समितिमा छलफलका लागि पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त सूचीमा सार्वजनिक निजी सहकारी साझेदारी समितिले आवश्यक छलफल गरी परिमार्जन वा थपघट गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सार्वजनिक निजी सहकारी साझेदारी समितिले तयार गरेको सूची प्रदेश सरकारको आयोजना बैंक (प्रोजेक्ट बैंक) मा समावेश गर्नु पर्नेछ।

९. **आयोजनाको प्राथमिकीकरणः** (१) आयोजना बैंकमा समावेश भएका साझेदारी आयोजनाको सूचीलाई

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

सार्वजनिक निजी सहकारी साझेदारी समितिले देहायका आधारमा प्राथमिकीकरण गर्नेछः-

(क) आधारभूत सेवा सुविधा विस्तार हुने,

(ख) आर्थिक विकासमा योगदान गर्ने,

(ग) विपन्न र सीमान्तकृत समुदायलाई फाइदा पुग्ने,

(घ) बढी जनसङ्ख्या लाभान्वित हुने,

(ङ) आर्थिक, सामाजिक र वातावरणीय जोखिम कम हुने,

(च) निजी क्षेत्रको लगानी र व्यवस्थापन हुने,

(छ) सरकारको लगानी र दीर्घकालीन दायित्व कम हुने,

(ज) प्राप्त हुने प्रत्यक्ष वा अप्रत्यक्ष लाभहरु बढी हुने,

(झ) आयोजना सम्पन्न हुने अवधि छोटो हुने,

(ञ) स्थानीय स्रोत, साधन र सीपको उपयोग हुने,

(ट) तोकिए बमोजिमका अन्य आधारहरु।

(२) आयोजनाको प्राथमिकीकरण गर्दा आयोजनाको प्रभाव, लागत तथा उपलब्धि समेतका

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विषयमा तोकिए बमोजिम सरोकारवालाहरुसँग छलफल गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सरोकारवालाहरूसँग गरिने छलफलको विधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम आयोजनाको प्राथमिकीकरण गर्दा देहायका आधारमा छुट्टाछुट्टै प्राथमिकीकरण गर्नु पर्नेछ :-

(क) राजस्व वृद्धि गर्ने आयोजना,

(ख) व्ययभार बढी हुने आयोजना,

(ग) राजस्व वृद्धि नगर्ने र व्ययभार नबढाउने आयोजना ।

<u>स्पष्टीकरण</u>ः यस उपदफाको प्रयोजनको लागि देहायका कुनै विषयका सम्बन्धमा देहाय बमोजिम सम्झनु पर्नेछः-

(क) "राजस्व वृद्धि गर्ने आयोजना" भन्नाले शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष (भायाविलिटी ग्याप फन्ड) र यस्तै अन्य शीर्षक अन्तर्गत सरकारले गर्ने लगानीभन्दा रोयल्टी, लाभांश वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

यस्तै अन्य शीर्षक अन्तर्गत सरकारले प्राप्त गर्ने राजस्व बढी हुने आयोजनालाई जनाउँछ।

(ख) "व्ययभार बढी हुने आयोजना" भन्नाले रोयल्टी, लाभांश वा यस्तै अन्य शीर्षक अन्तर्गत सरकारले कुनै रकम प्राप्त नगर्ने वा त्यस्तो रकम प्राप्त गरे पनि प्राप्त गर्ने राजस्वभन्दा शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष र यस्तै अन्य शीर्षक अन्तर्गत सरकारले गर्ने लगानी बढी हुने आयोजनालाई जनाउँछ।

(ग) "राजश्व वृद्धि नगर्ने र व्ययभार नबढाउने आयोजना" भन्नाले सरकारले लगानी गर्न नपर्ने र सरकारको राजश्व वृद्धिमा पनि प्रत्यक्ष योगदान नगर्ने आयोजनालाई जनाउँछ।

(५) उपदफा (१) बमोजिम तयार भएको प्राथमिकीकरणको सूचीलाई आवश्यकता अनुसार परिमार्जन र पुनः प्राथमिकीकरण गर्न सकिनेछ।

(६) सार्वजनिक निजी सहकारी साझेदारी

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

समितिले प्राथमिकीकरण गरेका आयोजनाको सूचीसहित सम्बन्धित निकायमा सिफारिस साथ लेखी पठाउनु पर्नेछ ।

१०. **<u>आयोजनाको छनौटः</u>** (१) दफा ९ बमोजिम तयार भएको प्राथमिकीकरण सूचीबाट समितिले सम्बन्धित मन्त्रालयको सहभागितामा उत्कृष्ट देखिएका आयोजना छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका आयोजनाहरू सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका आयोजनाहरू प्रदेशको परियोजना बैंकमा उल्लेख गर्नु पर्नेछ।

११. **<u>सामान्य विवरण तयार गर्नु पर्नेः</u>** (१) साझेदार छनौटको प्रक्रिया शुरू हुनु अगावै सम्बन्धित निकायले आयोजनाको सामान्य विवरण तयार गर्नु पर्नेछ।

(२) आयोजनाको सामान्य विवरणमा देहायका कुराहरु समावेश गर्नुपर्नेछ :-

(क) आयोजनाको पृष्ठभूमि,

(ख) आयोजनाको औचित्य,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ग) लाभान्वित वर्ग,

(घ) आयोजनाको अवधि,

(ङ) साझेदारी गर्दा र नगर्दा बीचको भिन्नताको पहिचान,

(च) आयोजनाको लगानी,

(छ) आयोजनाको ढाँचा,

(ज) आयोजनाको कार्यान्वयन ढाँचा,

(झ) साझेदारको किसिम,

(ञ) साझेदारहरूको प्रमुख जिम्मेवारी,

(ट) साझेदार र लाभान्वित वर्गको हित संरक्षण गर्ने उपायहरु,

(ठ) आयोजनाका जोखिमहरू,

(ड) विवाद व्यवस्थापनका तरिकाहरू,

(ढ) जोखिम व्यवस्थापनका उपायहरु,

(ण) समीक्षा र समायोजनको प्रक्रिया,

(त) सम्झौताका आधारभूत रुपरेखा,

(थ) आयोजनाको प्रकृति अनुसारका आवश्यक अन्य पक्षहरु।

(३) आयोजनाको सामान्य विवरण तयार गर्दा

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

देहायका मध्ये कुनै वा सबै कार्य गर्नु पर्नेछः-

(क) प्रारम्भिक वस्तुस्थिति विश्लेषण,

(ख) पूर्व संभाव्यता अध्ययन,

(ग) प्रारम्भिक वातावरण परीक्षण,

(घ) प्रारम्भिक लागत र लाभ विश्लेषण,

(ङ) तोकिए बमोजिमका अन्य विश्लेषण तथा विधिहरु ।

## परिच्छेद-३

## <u>पूर्वाधार आयोजनाको साझेदार छनौट सम्बन्धी व्यवस्था</u>

१२. **<u>मनसायपत्र आह्वान गर्न सक्नेः</u>** (१) सम्बन्धित निकायले यस ऐन बमोजिम कुनै आयोजना कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने कम्पनी वा संस्थाले सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित विवरणहरु खुलाई तोकिएको समयावधिभित्र सम्बन्धित निकाय समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ।

१३. **<u>संक्षिप्त सूची तयार गर्नेः</u>** (१) सम्बन्धित निकायले



आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

मनसायपत्र प्राप्त भएको मितिले एक महीनाभित्र तोकिएको मूल्याङ्कनका आधारमा मनसाय पत्रदाताहरूको मूल्याङ्कन गरी संक्षिप्त सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मनसाय पत्रदाताहरुको संक्षिप्त सूची प्रकाशन गर्नु पर्नेछ।

१४. **<u>प्रस्ताव आह्वान गर्ने</u>:** (१) दफा १३ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सम्बन्धित निकायले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले देहायका कुराहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित निकायमा प्रस्ताव पेश गर्नु पर्नेछ :-

(क) प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) प्रारम्भिक इञ्जिनियरिङ्ग प्रारुप,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन,

(घ) प्रस्तावकको आर्थिक हैसियत झल्काउने विवरणहरू,

(ङ) प्रस्तावकको प्राविधिक क्षमता

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

झल्काउने विवरणहरू,

(च) आयोजनाको अनुमानित लागत,

(छ) प्रस्तावित वित्तीय स्रोत,

(ज) प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउने प्रस्तावित रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम,

(झ) प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष वा यस्तै अन्य रकम,

(ञ) उपभोक्तासँग लिने प्रस्तावित सेवा शुल्क,

(ट) आयोजना कार्यान्वयन सम्बन्धी प्रक्रिया र विवरण,

(ठ) आयोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपाय,

(ड) तोकिए बमोजिमका अन्य विवरण।

**१५. <u>प्रस्ताव छनौट गर्ने</u>**: (१) दफा १४ को उपदफा (२)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बमोजिम प्रस्ताव प्राप्त भएपछि सम्बन्धित निकायले तोकिए बमोजिमको मूल्याङ्कन समिति गठन गरी तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नु पर्नेछ :-

(क) तोकिएको समयमा निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) सम्बन्धित निकायलाई बुझाउनु पर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लेखित आर्थिक प्रस्ताव ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि सम्बन्धित निकायले सोको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनुपर्नेछ ।

(३) प्रस्ताव छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१६. **<u>वार्ताद्वारा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने</u>**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कम्पनीले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन

सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा सम्बन्धित निकायले निवेदकसँग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने कम्पनी स्वयंले व्यहोर्नु पर्नेछ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने कम्पनी कुनै कारणले छनौट हुन नसकेमा सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने कम्पनीले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमका सम्बन्धमा सम्बन्धित निकायले आवश्यकता अनुसार समिति गठन गरी वास्तविक खर्च रकम

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

यकिन गर्नु पर्नेछ । त्यस्तो खर्च रकम यकिन गर्दा सम्भाव्यता अध्ययन गर्ने समयको मूल्यलाई आधार मूल्य मान्नु पर्नेछ ।

तर खर्च रकम यकिन गर्दा आधार मूल्य बाहेक मूल्य बृद्धि लगायतका अतिरिक्त खर्चहरु गणना गर्न पाइने छैन ।

(६) यस दफा बमोजिम आयोजनाको सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनको आधारमा यस ऐन बमोजिम आयोजना कार्यान्वयन गरिनेछ ।

१७. **वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सक्ने**: (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुई पटक आशयपत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो आयोजना सम्बन्धित निकायले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिव हुने देखिएमा त्यस्तो आयोजना सम्बन्धित निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः-

(क) आयोजनाको प्रकृति वा लागतको

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको आयोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको आयोजना,

(ग) यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको आयोजना।

(३) उपदफा (१) बमोजिमको कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाई सम्बन्धित निकाय समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी सम्बन्धित निकायले वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ ।

१८. **<u>समझदारीपत्रमा हस्ताक्षर गर्न सक्नेः</u>** दफा १५ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा १७ को उपदफा (४) बमोजिम आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सम्बन्धित निकायले प्रस्तावकसँग आयोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर गर्न सक्नेछ।

तर आयोजनाको प्रकृति हेरी सम्बन्धित निकायले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ।

१९. **<u>आयोजनाको विस्तृत विवरण पेश गर्नु पर्नेः</u>** (१) दफा १८ बमोजिम समझदारीपत्र वा प्रारम्भिक सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक सम्झौता नगरेकोमा आयोजनाको प्रकृति हेरी छ महीनामा नबढ्ने गरी सम्बन्धित निकायले तोकेको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरु सहित विस्तृत आयोजना विवरण (डिटेल प्रोजेक्ट रिपोर्ट) सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ :-

(क) आयोजनाको विवरण,

(ख) विस्तृत सम्भाव्यता अध्ययन,

(ग) विस्तृत इञ्जिनियरिङ्ग डिजाइन,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ङ) चरणबद्ध रुपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) कार्यान्वयन तरिका,

(छ) कार्यान्वयन अवधिको खर्च तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

आम्दानीको प्रक्षेपण,

(ज) कार्यान्वयनको संस्थागत व्यवस्था,

(झ) उपभोक्तासँग लिइने प्रस्तावित शुल्क,

(ञ) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा अन्य व्यक्तिसँग कुनै सम्झौता गरेको भए त्यसको विवरण,

(ट) आयोजना सञ्चालन गर्दा प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउने प्रस्तावित रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम,

(ठ) आयोजना सञ्चालन गर्दा प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष वा यस्तै अन्य रकम,

(ड) लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण,

(ढ) आयोजनाको वीमासम्बन्धी व्यवस्था,

(ण) आयोजना कार्यान्वयन हुने क्षेत्र,

(त) आयोजनाको कार्यान्वयन सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(थ) तोकिए बमोजिमका अन्य विवरण।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले विवरण पेश गर्न नसक्ने कुनै मनासिव कारण देखाई समयावधि थपको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिएमा बढीमा तीन महीनाको समयावधि थप गरिदिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र प्रस्तावकले उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण पेश गर्न नसक्ने कारण देखाई सम्बन्धित निकाय समक्ष दिएको निवेदन जाँचबुझ गर्दा सो मनासिव देखिएमा सम्बन्धित निकायले कुनै खास आयोजनाको हकमा त्यस्तो प्रस्तावकलाई सम्झौता भएपछि सो विवरण पेश गर्न पाउने गरी छुट दिन सक्नेछ।

२०. **<u>रद्द गर्न सक्ने</u>**: (१) प्रस्तावकसँग समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता वा सो नभएको भए देहायको अवस्थामा प्रस्तावकको प्रस्ताव रद्द गर्न सकिनेछः-

(क) दफा १९ को उपदफा (१) वा (२) बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा आयोजना

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा,

(ख) प्रस्तावमा प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, सम्भाव्यता न्यून परिपूर्ति कोष वा यस्तै अन्य रकमभन्दा प्रदेश सरकार वा स्थानीय तहलाई रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम बापत बढी राजस्व बुझाउने गरी गरिएको प्रस्तावको प्रतिकूल प्रस्ताव प्राप्त भएमा।

(२) उपदफा (१) को खण्ड (ख) को अवस्था रहेको वा नरहेको थाहा पाउनको लागि प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष वा यस्तै अन्य रकम बापतको लगानी र प्रस्तावकले प्रदेश सरकार वा स्थानीय तहलाई रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम बापतको राजस्व दुवैलाई वर्तमान मूल्यमा गणना गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वर्तमान मूल्य निर्धारणको लागि प्रयोग गरिने बट्टादर (डिस्काउन्ट रेट) प्रस्ताव आव्हान सूचनामा तोकिएको हकमा सोही बमोजिम र नतोकिएको हकमा दश प्रतिशत हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक आयोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले सम्बन्धित निकायसँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

२१. **<u>सम्झौता गर्नु पर्ने</u>**: (१) दफा १९ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा वा दफा २० बमोजिम समझदारी पत्र, प्रारम्भिक सम्झौता वा प्रस्ताव रद्द नभएमा सम्बन्धित निकायले प्रस्तावकसँग आवश्यकतानुसार वार्ता गरी सम्झौता गर्न सक्नेछ।

(२) कुनै आयोजनामा स्थानीय तहसमेत साझेदार भएमा उपदफा (१) बमोजिम गरिने सम्झौतामा स्थानीय तहसमेतले हस्ताक्षर गर्नु पर्नेछ।

२२. **<u>सम्झौता स्वतः रद्द हुने</u>**: (१) प्रस्तावकले दफा १९ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण सम्बन्धित निकायले तोकेको समयावधिभित्र पेश गर्नु पर्नेछ। सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग गरेको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द भएमा सम्बन्धित पक्षलाई पत्र पठाई वा सार्वजनिक सूचना

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रकाशन गरी जानकारी गराउनु पर्नेछ।

२३. <u>**सम्झौतामा खुलाउनु पर्ने कुराहरु**</u>: सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :-

(क) आयोजनाको विवरण,

(ख) आयोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा सञ्चालन गर्दा निजी साझेदारले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) आयोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा मानक (स्टाण्डर्ड),

(छ) आयोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) आयोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(झ) आयोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ञ) आयोजना सञ्चालन गर्दा उपभोक्तासँग

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ट) आयोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ठ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ड) प्रदेश सरकारलाई बुझाउनु पर्ने रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम र भुक्तानी विधि,

(ढ) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) विवाद व्यवस्थापन सम्बन्धी व्यवस्था,

(त) प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था,

(थ) अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था,

(द) आवधिक समीक्षा र समायोजन सम्बन्धी व्यवस्था,

(ध) सार्वजनिक साझेदारको तर्फबाट लगानी र सम्भाव्यता न्यून परिपूर्ति कोष आवश्यक भए सो सम्बन्धी व्यवस्था,

(न) सार्वजनिक साझेदारको विशेष जिम्मेवारीहरू भए सो सम्बन्धी व्यवस्था,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(प) अन्य आवश्यक कुराहरु।

## परिच्छेद-४

## सामाजिक-आर्थिक आयोजनाको साझेदार छनौट सम्बन्धी व्यवस्था

२४. **मनसायपत्र आह्वान गर्न सक्ने**: (१) सम्बन्धित निकायले कुनै सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिएका विवरण खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमले प्रकाशित सूचनामा उल्लिखित विवरणहरु खुलाई तोकिएको समयावधिभित्र सम्बन्धित निकाय समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ।

२५. **सोझै मनसायपत्र पेश गर्न सक्ने**: (१) प्रदेश सरकारको कुनै सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्न चाहने कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमले सम्बन्धित निकाय समक्ष सोझै मनसायपत्र पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमले सम्बन्धित निकायले तोकेको विवरणहरु खुलाई मनसायपत्र पेश गर्नु पर्नेछ।

२६. **मनसायपत्रदाताको सूची तयार गर्ने**: सम्बन्धित निकायले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

दफा २४ र २५ बाट प्राप्त मनसाय पत्रदाताहरूको सूची तयार गर्नु पर्नेछ।

२७. **<u>प्रस्ताव माग गर्नेः</u>** (१) सम्बन्धित निकायले दफा २६ बमोजिमको सूचीमा भएका उत्कृष्ट मनसायपत्रदाताबाट आयोजना कार्यान्वयनको लागि प्रस्ताव माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्ने मनसाय पत्रदाताले सम्बन्धित निकायले तोकेको ढाँचामा माग गरिएको विवरण खुलाई प्रस्ताव पेश गर्नु पर्नेछ।

२८. **<u>प्रस्ताव छनौट गर्नेः</u>** (१) दफा २७ बमोजिम प्रस्ताव प्राप्त भएपछि सम्बन्धित निकायले प्रस्ताव प्राप्त भएको मितिले साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नु पर्नेछ :-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) प्रस्तावकको लगानी र जिम्मेवारीहरू,

(घ) माग गरिएको लगानी र भूमिका,

(ङ) लाभग्राही वर्गले प्राप्त गर्ने लाभहरू,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) तोकिए बमोजिमका अन्य आधारहरू।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधार सम्बन्धित निकायले प्रस्ताव पेश गर्नु अघि प्रस्तावकलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि सम्बन्धित निकायले त्यसको जानकारी प्रस्तावकलाई दिनु पर्नेछ।

२९. **<u>सेवा प्रदायक संस्था छनौट गर्नु पर्ने</u>**: (१) सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्न सामाजिक संस्थाहरूमध्येबाट सेवा प्रदायक संस्था छनौट गर्नु पर्नेछ।

तर कुनै आयोजना कार्यान्वयन गर्न सेवा प्रदायक संस्था आवश्यक नभए सेवा प्रदायक संस्था छनौट गर्न बाध्य हुनेछैन।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायक संस्था छनौटको लागि मनसाय पत्र माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मनसायपत्र पेश गर्न चाहने सामाजिक संस्थाले सूचनामा माग गरे बमोजिमको कागजात र विवरण खुलाई मनसायपत्र पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त मनसाय पत्रको मूल्याङ्कन देहायका आधारमा गर्नु पर्नेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) मनसायपत्रदाता संस्थाको सम्बन्धित कार्य अनुभव,

(ख) संस्थाको संगठनात्मक क्षमता,

(ग) प्रस्तावित जनशक्तिको योग्यता, अनुभव र क्षमता,

(घ) तोकिए बमोजिमका अन्य आधारहरू।

३०. **<u>त्रिपक्षीय सम्झौता गर्नु पर्ने</u>**: (१) सेवा प्रदायक संस्थासमेत छनौट भएको सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्ने सम्बन्धित निकाय, छनौट भएको प्रस्तावक र सेवा प्रदायक संस्थाबीच त्रिपक्षीय सम्झौता गर्नु पर्नेछ।

(२) कुनै आयोजना कार्यान्वयनमा स्थानीय तह समेत साझेदार भएमा उपदफा (१) बमोजिम गरिने सम्झौतामा स्थानीय तहसमेतले हस्ताक्षर गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-५

## <u>संयुक्त कम्पनी (स्पेशल परपस भेहिकल) स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था</u>

३१. **<u>संयुक्त कम्पनी स्थापना गर्न सक्ने</u>**: (१) कुनै आयोजना कार्यान्वयन गर्न सार्वजनिक र निजी साझेदार दुवैको

लगानी र भूमिका आवश्यक भएमा सार्वजनिक र निजी क्षेत्र दुवैले एक संयुक्त कम्पनी (स्पेशल परपस भेहिकल) को स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कम्पनी प्रचलित कम्पनी कानून अनुसार दर्ता गर्नु पर्नेछ।

३२. **<u>कम्पनीको शेयर संरचना</u>**: (१) दफा ३१ बमोजिम स्थापित कम्पनीको शेयर संरचना आयोजनाको साझेदारहरूबीच भएको सहमति बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम शेयर संरचना निर्धारण गर्दा देहायको आधारमा गरिनेछः-

(क) प्रदेश सरकारको शेयर लगानी बढीमा कुल पूँजीको तीस प्रतिशतसम्म हुने,

(ख) स्थानीय तहको शेयर लगानी बढीमा कुल पूँजीको बीस प्रतिशतसम्म हुने,

(ग) निजी सहकारी साझेदारको शेयर लगानी बढीमा कुल पूँजीको सत्तरी प्रतिशत सम्म हुने,

(घ) सर्वसाधारणको शेयर लगानी

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

बढीमा कुल पूँजीको पन्ध्र प्रतिशतसम्म हुने।

३३. **<u>सञ्चालक समितिको गठन</u>**: (१) कम्पनी सञ्चालनको लागि एक सञ्चालक समितिको गठन गरिनेछ।

(२) स्थानीय तह समेत शेयर धनी भएको अवस्थामा उपदफा (१) बमोजिम गठन हुने सञ्चालक समितिको स्वरूप देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित मन्त्रालयको सचिव -अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालयले तोकेको रा.प.द्वितीय श्रेणीको अधिकृत एक जना -सदस्य

(ग) शेयर धनी स्थानीय तहको प्रतिनिधि दुई जना -सदस्य

(घ) निजी शेयर धनीहरूमध्येबाट तीन जना (सहकारी भए सहकारीबाट एक जना) -सदस्य

(ङ) सर्वसाधारण शेयर धनीहरू मध्येबाट एक जना -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(च) प्रमुख कार्यकारी अधिकृत -सदस्य सचिव

(३) स्थानीय तह शेयर धनी नभएको अवस्थामा उपदफा (१) बमोजिम गठन हुने सञ्चालक समितिको स्वरूप देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित मन्त्रालयको सचिव -अध्यक्ष

(ख) मन्त्रालयको रा.प. द्वितीय श्रेणीको कर्मचारी -सदस्य

(ग) सम्बन्धित मन्त्रालयले तोकेको कम्तीमा रा.प.द्वितीय श्रेणीको कर्मचारी -सदस्य

(घ) निजी शेयर धनीहरूमध्येबाट तीन जना -सदस्य

(ङ) सर्वसाधारण शेयर धनीहरू मध्येबाट एक जना -सदस्य

(च) प्रमुख कार्यकारी अधिकृत -सदस्य सचिव

(४) सञ्चालक समितिले विषयगत विज्ञ, कुनै कर्मचारी वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

३४. <u>सञ्चालक समितिको कार्यकाल</u>ः (१) कम्पनीको सञ्चालक

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

समितिको कार्यकाल चार वर्षको हुनेछ।

(२) कम्पनीको सञ्चालकहरुलाई सञ्चालक समितिमा बढीमा थप एक कार्यकाल मात्र पुनः चयन गर्न सकिनेछ ।

३५. **<u>सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था</u>**: (१) कम्पनीको सञ्चालक समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(२) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ ।

(३) बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(४) सञ्चालक समितिले विषयगत विज्ञ, कुनै कर्मचारी वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हनेछ ।

३६. **<u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकार</u>**: (१) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार अन्य कुराको अतिरिक्त देहाय बमोजिम हुनेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(क) कम्पनीको योजना, नीति र रणनीति स्वीकृत गर्ने,

(ख) कम्पनीको नियमावली, निर्देशिका, संगठनात्मक संरचना, प्रमुख कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने,

(ग) कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्ने,

(घ) प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन मूल्याङ्कन गर्ने,

(ङ) अनुगमन र मूल्याङ्कन गर्ने,

(च) कम्पनीको प्रगति समीक्षा गर्ने,

(छ) लेखापरीक्षक नियुक्त गर्ने,

(ज) तोकिएका अन्य कार्यहरू गर्ने।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति र खण्ड (घ) बमोजिम निजको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी विषयको बैठकमा प्रमुख कार्यकारी अधिकृत सहभागी हुने छैन ।

३७. **<u>सञ्चालकहरूको नियुक्तिः</u>** (१) सरकारको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने व्यक्तिहरूको नियुक्ति र पदमुक्ति प्रदेश सरकारको निर्णय अनुसार हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) स्थानीय तहबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको नियुक्ति शेयरधनी नगरपालिका र गाउँपालिकाहरूको बहुमतको निर्णय अनुसार हुनेछ।

(३) निजी सञ्चालकहरूको नियुक्ति निजी शेयरधनीहरूको बहुमतको निर्णय अनुसार हुनेछ।

(४) सर्वसाधारण शेयरधनीहरूको तर्फबाट हुने सञ्चालकको नियुक्ति सर्वसाधारण शेयरधनीहरूको बहुमतको निर्णय अनुसार हुनेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिम सञ्चालकको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **कम्पनीको व्यवस्थापनः** (१) कम्पनीको दैनिक कार्यको व्यवस्थापन प्रमुख कार्यकारी अधिकृतबाट हुनेछ ।

(२) कम्पनीको व्यवस्थापनको लागि उपयुक्त संगठनात्मक संरचना तयार गरिनेछ।

३९. **प्रमुख कार्यकारी अधिकृतः** (१) कम्पनी सञ्चालनको लागि सञ्चालक समितिले एक प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतलाई व्यवस्थापकीय स्वतन्त्रता हुनेछ।

४०. **प्रमुख कार्यकारी अधिकृतको योग्यताः** कम्पनीको प्रमुख

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

कार्यकारी अधिकृतको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ :-

(क) सिभिल, मेकानिकल, आर्किटेक्चर, व्यवस्थापन, अर्थशास्त्र, सहरी र क्षेत्रीय योजना लगायतका सम्बन्धित विषयमा स्नातकोत्तर वा सोभन्दा माथिको उपाधी प्राप्त गरेको,

(ख) पूर्वाधार संरचना विकास वा सम्बन्धित कार्यमा कम्तीमा पाँच वर्षको अनुभव भएको र सोमध्ये कम्तीमा पछिल्लो चार वर्ष कुनै कम्पनी वा संस्थाको प्रमुख कार्यकारी वा उच्च तहमा रही कार्य गरेको अनुभव भएको,

(ग) कुनै कानूनले अयोग्य नभएको

(घ) तोकिए बमोजिमका अन्य योग्यता भएको।

अन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

४१. **<u>प्रमुख कार्यकारी अधिकृतको छनौटका आधार</u>**: प्रमुख कार्यकारी अधिकृतको छनौटका आधार र अङ्कभार देहाय बमोजिम हुनेछ :-

(क) कार्य क्षमता -बीस प्रतिशत

(ख) कम्पनीको लागि प्रस्तावित

व्यवसायिक योजना -पचास प्रतिशत

(ग) परिणामुखी व्यवस्थापनप्रतिको प्रतिबद्धता -दश प्रतिशत

(घ) तोकिएका अन्य विषयहरू -बीस प्रतिशत

४२. <u>**प्रमुख कार्यकारी अधिकृतको छनौट प्रक्रिया**</u>: (१) प्रमुख कार्यकारी अधिकृत छनौटको लागि सञ्चालक समितिले एक पदपूर्ति समितिको गठन गरी जिम्मेवारी दिनेछ।

(२) पदपूर्ति समितिले सार्वजनिक सूचना प्रकाशित गरी निवेदन माग गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदकहरूमध्येबाट तोकिएको मापदण्डको आधारमा संक्षिप्त सूची प्रकाशित गर्नेछ।

(४) संक्षिप्त सूचीमा रहेका निवेदकहरूमध्येबाट बाँकी प्रक्रिया पूरा गरी सफल उम्मेदवारलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्तिको लागि पदपूर्ति समितिले सञ्चालक समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

४३. <u>**प्रमुख कार्यकारी अधिकृतको कार्यकाल**</u>: (१) प्रमुख कार्यकारी अधिकृतको कार्यकाल चार वर्षको हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वार्षिक कार्य सम्पादन मूल्याङ्कनमा न्यूनतम अङ्क प्राप्त नगरेमा प्रमुख कार्यकारी अधिकृत स्वतः पदमुक्त हुनेछ।

(३) प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन सन्तोषजनक नभएमा सञ्चालक समितिले जुनसुकै बखत निजलाई पदमुक्त गर्न सक्नेछ ।

तर निजलाई पदमुक्त गर्नु अघि सफाइको मौका दिनुपर्नेछ।

४४. <u>**प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार**</u>ः प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार अन्य कुराका अतिरिक्त देहाय बमोजिम हुनेछ :-

(क) नीति र योजना तर्जुमा तथा कार्यान्वयन,

(ख) कम्पनीको संस्थागत क्षमता विकास,

(ग) कर्मचारी व्यवस्थापन,

(घ) वित्त व्यवस्थापन,

(ङ) सम्पत्ति व्यवस्थापन,

(च) अनुगमन तथा मूल्याङ्कन,

(छ) अन्तरनिकाय सहकार्य,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ज) कम्पनीको कारोबारको हिसाब किताब र विवरणहरू तयार,

(झ) समितिको निर्देशन र निर्णयको कार्यान्वयन,

(ञ) तोकिएका अन्य कार्यहरू।

४५. **प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कन**: (१) प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कनको लागि सञ्चालक समितिले एक कार्यसम्पादन मूल्याङ्कन समितिको गठन गरी जिम्मेवारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिले तोकिएको सूचकहरूको आधारमा प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कन गरी सञ्चालक समितिसमक्ष पेश गर्नेछ।

४६. **प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधा**: प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधा तोकिए बमोजिम हुनेछ।

४७. **कर्मचारीसम्बन्धी व्यवस्था**: (१) कम्पनीले नियुक्त गरेका कर्मचारीहरू कम्पनीको कर्मचारी हुनेछन्।

(२) कम्पनीको कर्मचारीहरूको पारिश्रमिक, सेवाका शर्त र सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

४८. **कम्पनीको सञ्चालन**: (१) कम्पनीको सञ्चालन प्रबन्धपत्र



अन्तर्राष्ट्रिय मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

र नियमावली बमोजिम हुनेछ।

(२) कम्पनीको प्रबन्धपत्र र नियमावली प्रचलित कम्पनी कानून बमोजिम हुनु पर्नेछ।

## परिच्छेद-६

## संभाव्यता र जोखिम न्यूनीकरण कोष (भायाविलिटी ग्याप र रिस्क मिटिगेशन फण्डिंग) सम्बन्धी व्यवस्था

४९. **संभाव्यता न्यून परिपूर्ति कोष (भायाविलिटी ग्याप फण्डिंग) को व्यवस्थाः** (१) प्रदेश सरकारले वित्तीय रुपमा तत्काल मनासिव प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा विस्तारको लागि एक सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिमका मापदण्डको आधारमा तोकिए बमोजिमका आयोजनाको लागि समितिको सिफारिसमा आवश्यक रकम पूँजीगत तथा सञ्चालन अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा प्रदेश सरकारले समय समयमा आवश्यक रकम विनियोजन गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) जोखिम न्यूनीकरण कोष सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

५०. **अनुमतिपत्र दिने**ः यस ऐन बमोजिम सम्झौता गरेपछि सम्बन्धित निकायले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिनेछ।

५१. **अन्य कम्पनीलाई अनुमतिपत्र नदिइने**ः आयोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिई सकेपछि सोही क्षेत्रमा सो आयोजनालाई प्रतिकूल असर पर्ने गरी त्यस्तै किसिमको आयोजनाको कार्यान्वयन गर्न अन्य कम्पनीलाई अनुमतिपत्र दिइने छैन।

५२. **अनुमतिपत्रको अवधि**ः (१) अनुमतिपत्रको अवधि सामान्यतया सम्झौतामा लेखिए बमोजिम हुनेछ।

(२) सम्झौताको अवधि घटे वा बढेमा अनुमतिपत्रको अवधि पनि घट्ने वा बढ्नेछ।

५३. **अनुमतिपत्र रद्द गर्न सक्ने**ः (१) अनुमतिपत्र प्राप्त साझेदारले सम्झौता बमोजिम आयोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेमा सम्बन्धित निकायले सूचना दिई निजलाई दिइएको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुमतिपत्र रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा निजी साझेदारसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त साझेदारले सम्बन्धित निकायसँग कुनै किसिमको दाबी गर्न पाउने छैन।

## परिच्छेद-८

## निजी साझेदारको अधिकार

५४. **अन्य फर्म, कम्पनी वा व्यक्तिसँग सम्झौता गर्न सक्नेः** (१) निजी साझेदारले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकायको स्वीकृति लिई अन्य फर्म, कम्पनी वा व्यक्तिसँग सम्झौता गर्न सक्नेछ।

तर त्यसरी सम्झौता भएको कारणले आयोजना कार्यान्वयन गर्ने दायित्वबाट निजी साझेदारले छुटकारा पाउने छैन।

(२) आयोजना कार्यान्वयन गर्न निजी साझेदारलाई आवश्यक पर्ने सेवा, सामग्री, यन्त्र, उपकरण वा अन्य वस्तुका आपूर्तिकर्ताहरूसँग गरिने सम्झौताको लागि सम्बन्धित निकायको स्वीकृति लिइरहनु पर्नेछैन।

अान्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(३) उपदफा (१) बमोजिम निजी साझेदारले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि सम्बन्धित निकायसमक्ष पेश गर्नु पर्नेछ।

५५. **<u>घर जग्गा आदिमा प्रवेश गर्न सक्नेः</u>** (१) आयोजना कार्यान्वयनको सिलसिलामा निजी साझेदारले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउनु पर्ने भएमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायको अनुमति प्राप्त गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको काम गर्दा सम्बन्धित धनीलाई क्षति पुग्न गएमा सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

## परिच्छेद-९

## <u>निजी साझेदारलाई उपलब्ध गराइने सुविधा</u>

५६. **<u>घर जग्गा प्राप्त गरिदिनेः</u>** (१) निजी साझेदारले आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैंले

खरिद गर्नु पर्नेछ। त्यसरी खरिद गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा प्रदेश सरकारले निजी साझेदारको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम संस्थालाई जग्गा प्राप्त गर्न गरे सरह जग्गा प्राप्ति सम्बन्धी कार्यमा आवश्यक सहयोग र समन्वय गरिदिनेछ।

(२) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित निजी साझेदारले व्यहोर्नु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको स्वामित्वमा रहेको वा सरकारी जग्गा आयोजना कार्यान्वयनको लागि आवश्यक भएमा प्रदेश सरकारले त्यस्तो जग्गा प्रचलित कानून बमोजिम लिज वा बहालमा दिने व्यवस्था गर्नु पर्नेछ ।

५७. **<u>आयोजनाको सुरक्षा गर्न सक्ने</u>**: (१) आयोजनाको सुरक्षा निजी साझेदार आफैंले गर्नु पर्नेछ।

(२) निजी साझेदारले विशेष कारण देखाई आयोजनाको खास किसिमको सुरक्षाको लागि प्रदेश सरकारसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च निजी साझेदारले व्यहोर्ने गरी प्रदेश सरकारले त्यस्तो आयोजनाको सुरक्षाको व्यवस्था गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

५८. **सहयोग उपलब्ध गराउनु पर्ने**: (१) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित निकायले निजी साझेदारलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ।

(२) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा निजी साझेदारले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व निजी साझेदारले व्यहोर्ने गरी सम्बन्धित निकायले त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ।

५९. **विदेशी विनिमयको सुविधा**: आयोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रुपमा विदेशी मुद्रा लगानी भएमा निजी साझेदारलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराउन प्रदेश सरकारले नेपाल सरकार समक्ष सिफारिस गरिदिनेछ।

६०. **प्रवेशाज्ञा सम्बन्धी सुविधा**: विदेशी लगानीकर्ताले आयोजना कार्यान्वयनको लागि यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेमा निजलाई प्रचलित कानून बमोजिम आवासीय प्रवेशाज्ञा (भिसा) उपलब्ध गराउन प्रदेश सरकारले नेपाल सरकार समक्ष सिफारिस

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गरिदिनेछ।

६१. **विष्फोटक पदार्थको प्रयोगः** आयोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा प्रदेश सरकारले निजी साझेदारको अनुरोधमा निजलाई प्रचलित कानून बमोजिम त्यस्तो विष्फोटक पदार्थ प्रयोग गर्न आवश्यक व्यवस्था मिलाउने छ।

६२. **आयकर सम्बन्धी व्यवस्थाः** निजी साझेदार र संयुक्त कम्पनी वा संयन्त्र (स्पेशल परपस भेहिकल) लाई लाग्ने आयकर सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-१०

## सेवा शुल्क र सेवा शुल्क पुनरावलोकन बोर्ड सम्बन्धी व्यवस्था

६३. **शुल्क उठाउन पाउनेः** निजी साझेदारले सेवा सुविधा उपलब्ध गराए बापत सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्तासँग सेवा शुल्क उठाउन सक्नेछ।

६४. **सेवा सुविधाका शर्त तोक्न सक्नेः** निजी साझेदारले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ।

६५. **सेवा शुल्क पुनरावलोकन बोर्डको गठनः** (१) निजी साझेदारले आयोजना सञ्चालन गर्दा यस ऐन

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

बमोजिम लिन पाउने शुल्क प्रत्येक तीन वर्षमा पुनरावलोकन गर्ने गरी प्रदेश सरकारले निजी साझेदार र उपभोक्ता समेतको प्रतिनिधित्व रहने गरी बढीमा तीन महिनाको समयावधि तोकि तोकिए बमोजिमको एक पूर्वाधार संरचना सेवा शुल्क पुनरावलोकन बोर्ड गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डका सदस्यहरुको योग्यता, नियुक्ति, निजले पाउने सुविधा तथा बोर्डको कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम बोर्डले शुल्क पुनरावलोकन गर्दा निजी साझेदारले आयोजना कार्यान्वयनको लागि गरेको वास्तविक खर्च र सो बापत प्राप्त गर्न सक्ने मनासिव माफिकको प्रतिफलको आधारमा तोकिए बमोजिम गर्नेछ।

(४) सेवा शुल्क पुनरावलोकन गर्न बोर्डलाई कुनै सहयोग चाहिएमा प्रदेश सरकारले त्यस्तो सहयोग उपलब्ध गराउनेछ।

(५) उपदफा (३) बमोजिम बोर्डले पुनरावलोकन गरेको शुल्कको दर प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ। यसरी स्वीकृत भएको शुल्कको दर सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

६६. **सार्वजनिक निजी सहकारी साझेदारी समितिले सेवा शुल्क पुनरावलोकन गर्न सक्नेः** (१) सेवा शुल्क पुनरावलोकन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बोर्ड गठन नभएको अवस्थामा वा कुनै कारणले बोर्डले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सार्वजनिक निजी सहकारी साझेदारी समितिले सेवा शुल्कको पुनरावलोकन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क पुनरावलोकन गर्न समितिलाई कुनै सहयोग चाहिएमा प्रदेश सरकारले त्यस्तो सहयोग उपलब्ध गराउनेछ।

(३) उपदफा (१) बमोजिम समितिले पुनरावलोकन गरेको शुल्कको दर प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ। यसरी स्वीकृत भएको शुल्कको दर सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-११

## सार्वजनिक निजी साझेदारी समिति र अन्य समिति सम्बन्धी व्यवस्था

६७. **सार्वजनिक निजी साझेदारी समितिको गठनः** (१) सम्बन्धित मन्त्रालयको सिफारिसमा आवश्यक विश्लेषण गरी साझेदारी आयोजना छनौट, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्न प्रदेशमा एक सार्वजनिक निजी, सहकारी साझेदारी समिति रहनेछ।

(२) समितिको स्वरूप देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, आर्थिक मामिला

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तथा योजना मन्त्रालय -अध्यक्ष

(ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ग) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ङ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(च) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ज) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(झ) प्रदेश स्थित सहकारी महासंघको अध्यक्षले तोकेको महिला प्रतिनिधि -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(ञ) नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि -सदस्य

(ट) प्रदेश सरकारबाट मनोनीत सार्वजनिक निजी साझेदारी विज्ञ -सदस्य

(ठ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य सचिव

(३) समितिको सचिवालय आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहनेछ।

(४) समितिले प्रदेश नीति तथा योजना आयोगको सदस्य र सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) सेवा शुल्क पुनरावलोकन सम्बन्धी बैठकमा निजी साझेदार र सेवाग्राहीहरूको प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सक्नेछ।

६८. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**: अन्य कुराका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) साझेदारी आयोजनाहरूको पहिचान, प्राथमिकीकरण र आयोजना बैंक तयार गर्ने,

अन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) आयोजनाको अध्ययन, विश्लेषण र सामान्य विवरण तयार गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने,

(ग) आयोजनाको बोलपत्र लिखत, प्रस्ताव मूल्याङ्कनका आधार र सम्झौता पत्र तयार गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने,

(घ) सञ्चालित आयोजनाहरूको अनुगमन र प्रभाव मूल्याङ्कन गर्ने गराउने,

(ङ) विवाद व्यवस्थापन गर्न सहयोग गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

६९. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल गरिने विषयहरुको सूची बैठक बस्नुभन्दा तीन दिन अगावै समितिका सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठक बस्नु पर्दा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७०. **समितिले उपसमिति वा कार्यदल गठन गर्न सक्ने**: (१) आयोजनाको कार्यान्वयन सम्बन्धमा समितिले कुनै खास कार्य सम्पादन गर्नको लागि आवश्यकता अनुसार एक वा एकभन्दा बढी उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको कार्यविवरण र कार्य सम्पादन विधि समितिले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदल आफ्नो कार्य सम्पन्न गरिसकेपछि स्वत: विघटन हुनेछ।

७१. **प्राविधिक समिति**: (१) पूर्वाधार आयोजनाको कार्यान्वयन

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

सम्बन्धमा सम्बन्धित निकायलाई प्राविधिक सुझाव दिनको लागि सम्बन्धित निकायले तोकिएको व्यक्तिको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा पाँच सदस्य रहेको एक प्राविधिक समिति गठन गर्न सक्नेछ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको सम्बन्धित मन्त्रालयको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) प्राविधिक समितिको कार्यहरू तोके बमोजिम हुनेछ।

७२. **<u>प्रस्ताव मूल्याङ्कन समिति</u>**: (१) पूर्वाधार आयोजना र सामाजिक- आर्थिक आयोजनाको मनसाय पत्र र प्रस्ताव मूल्याङ्कन गरी सम्बन्धित निकाय समक्ष सिफारिस गर्नको लागि सम्बन्धित विषयको विज्ञसहित भएको छुट्टा छुट्टै प्रस्ताव मूल्याङ्कन समितिको गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने मूल्याङ्कन समितिमा सम्बन्धित विषयको विज्ञ समेत रहनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (१) बमोजिम गठन भएको मूल्याङ्कन समितिको कार्यविधि र अन्य कुरा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१२

## विवादको समाधान र क्षतिपूर्ति सम्बन्धी व्यवस्था

७३. **विवादको समाधान**: (१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकाय र निजी साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

७४. **विवादको कारण आयोजनाको कार्य रोक्न नहुने**: (१) साझेदारहरू बीच कुनै विवाद उत्पन्न भएको वा विवाद समाधानको प्रक्रिया अघि बढेको वा विवाद समाधान गर्न समय लागेको कारणले साझेदारहरुले पूर्ववत् जिम्मेवारी बहन नगर्ने वा आयोजनाको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

दैनिक कार्य बन्द गर्न वा रोक्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम कुनै साझेदारले पूर्ववत् जिम्मेवारी बहन नगर्ने वा आयोजनाको दैनिक कार्य बन्द गर्ने गराउने कार्य गरेमा सोबाट उत्पन्न क्षति सम्बन्धित साझेदारले व्यहोर्नु पर्नेछ।

७५. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था</u>**ः (१) आयोजना कार्यान्वियन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिव रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति सम्बन्धित निकायबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति बापतको रकम हिसाब गरी सम्बन्धित निकायले निजी साझेदारबाट पाउनु पर्ने रकमबाट कट्टा गरी बाँकी रकम निजी साझेदारलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-१३

## <u>विविध</u>

७६. **<u>बोलपत्र जमानत सम्बन्धी व्यवस्था</u>**ः (१) प्रस्तावकले प्रस्ताव पेश गर्दा सूचनामा तोकिएको भन्दा कम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

नहुने गरी बोलपत्र जमानत (बीड वण्ड) बापतको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्बन्धित निकायसमक्ष पेश गर्नु पर्नेछ।

(२) बोलपत्र जमानत सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

७७. **कार्य सम्पादन जमानत सम्बन्धी व्यवस्था**: (१) प्रस्तावकले कार्य सम्पादन जमानत (परफर्मेन्स वण्ड) बापत आयोजनाको कुल लागतको शून्य दशमलव पाँच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्झौतामा उल्लिखित समयावधिभित्र सम्बन्धित निकाय समक्ष दाखिला गर्नु पर्नेछ।

(२) कार्यसम्पादन जमानत बराबरको रकम पूर्वाधार संरचना वा हस्तान्तरण योग्य सम्पत्तिमा प्रस्तावकले लगानी गरिसकेपछि कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछैन।

७८. **रोयल्टी, लाभांश वा अन्य रकम बुझाउनु पर्ने**: रोयल्टी, लाभांश वा अन्य रकम बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त कम्पनीले सम्झौतामा उल्लिखित तरिकाबाट सम्बन्धित निकायलाई बुझाउनु पर्नेछ।

७९. **आयोजना हस्तान्तरण गर्नु पर्ने**: (१) अनुमतिपत्र प्राप्त

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

कम्पनीले सम्झौतामा लेखिए बमोजिम सम्बन्धित निकायलाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरण हुँदा त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ।

(३) आयोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८०. **आयोजना हस्तान्तरण नहुने**: (१) कुनै कम्पनीले सार्वजनिक सम्पत्ति प्रयोग नगरी आफ्नै निजी सम्पत्ति र लगानीमा निर्माण, स्वामीत्वकरण र सञ्चालन ढाँचामा कुनै साझेदारी आयोजना सञ्चालन गरेको रहेछ भने उक्त आयोजना हस्तान्तरण हुने छैन।

तर सम्बन्धित निकायले आयोजना सञ्चालनको लागि कुनै जग्गा, भवन, यन्त्र वा उपकरण प्रदान गरेको रहेछ भने अनुमति प्राप्त कम्पनीले उक्त जग्गा, भवन र आयु बाँकी भएका यन्त्र वा उपकरण चालू अवस्थामा हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि साझेदारले आयोजना हस्तान्तरण गर्न चाहेमा आवश्यक प्रक्रिया पूरा गरी हस्तान्तरण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

८१. **स्वामित्व हुने**: यस ऐन बमोजिम हस्तान्तरण भएको आयोजना र त्यस्तो आयोजनामा जडित मेसिन, उपकरण र अन्य संरचना तथा आयोजनासँग सम्बन्धित भवन, घर तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व सम्बन्धित निकायको हुनेछ।

८२. **लिज वा भाडामा दिन सक्ने**: (१) सम्बन्धित निकायले निजी साझेदारलाई आफ्नो वा प्रदेश सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै मेशिन, औजार वा पूर्वाधार संरचना लिज वा भाडामा दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अचल सम्पत्तिमा जडित पूर्वाधार संरचना, घर, भवन वा जग्गा लिज वा भाडामा दिन प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिज वा भाडामा दिने अन्य शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन्।

८३. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने**: निजी साझेदारले आयोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

८४. **<u>अध्ययन प्रतिवेदन र लिखतमाथि अधिकार कायम रहनेः</u>** (१) दफा १४ बमोजिम प्रस्तावकले प्रस्तावसाथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ। प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन।

(२) दफा १४ बमोजिम प्रस्ताव पेश गर्नको लागि सम्बन्धित निकायले तयार गरेको अध्ययन प्रतिवेदन र लिखत उपर सम्बन्धित निकायको पूर्ण अधिकार कायम रहनेछ। सम्बन्धित निकायको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन र लिखतहरू अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गर्न पाइने छैन।

८५. **<u>नागरिक समाज र विकासका साझेदार सहभागी हुन सक्नेः</u>** (१) कुनै आयोजना कार्यान्वयन गर्न नागरिक समाज वा विकास साझेदारको सहयोग, समन्वय वा सहजीकरण आवश्यक भए त्यस्तो नागरिक समाज वा विकास साझेदारलाई सहयोगी, समन्वयकर्ता वा सहजकर्ताको रूपमा सहभागी गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहभागी हुने नागरिक समाजको भूमिका देहायका मध्ये कुनै वा सबै हुनेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) लाभग्राही वर्गलाई आयोजनाको लाभ बारे सूचित गर्ने र उनीहरूको हक, अधिकार र आवाजलाई सम्बन्धित तहमा पु-याउने,

(ख) आयोजनालाई लक्षित वर्ग उन्मुख, गरिबमुखी र वातावरण मैत्री बनाउन सहयोग गर्ने,

(ग) सामाजिक निगरानीकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) तोकिएका अन्य कार्यहरू गर्ने ।

(३) उपदफा (१) बमोजिम सहभागी हुने विकास साझेदारको भूमिका देहायका मध्ये कुनै वा सबै हुनेछ :-

(क) लाभग्राही वर्गलाई आयोजनाको लाभ बारे सूचित गर्ने र उनीहरूको हक, अधिकार र आवाजलाई सम्बन्धित तहमा पु-याउने,

(ख) आयोजनालाई लक्षित वर्ग उन्मुख, गरिबमुखी र वातावरण मैत्री बनाउन सहयोग गर्ने,

(ग) आयोजनाको अध्ययन, विश्लेषण र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विकासमा सहयोग गर्ने,

(घ) आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) तोकिएका अन्य कार्यहरू गर्ने ।

८६. **<u>नियम बनाउने अधिकार</u>**: (१) यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही सम्बन्धित मन्त्रालयले आवश्यक कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश